**आकाशवाणी समाचार- नेपाली**

मितिः ४ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले त्रिनिदाद अनि टोबैगोमा भारतीय समुदायको यात्रा साहसले भरिएको बताउनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदी आफ्नो पांच देशको यात्राको आगामी चरणमा आज अर्जेंटीना जानुहुनेछ।

- ब्राजीलमा भारतको राजदूत दिनेश भाटियाले ब्रिक्स शिखर सम्मेलन अनि प्रधानमंत्री नरेन्द्र मोदीको राजकीय यात्राको अवधि महत्वपूर्ण मुद्दाहरुमाथि चर्चा हुने बताउनुभएको छ।

- सूचना एवं प्रसारण मंत्रालयले टेलीविजन रेटिंग एजेंसिहरुको लागी 2014 मा जारी नीति दिशा-निर्देशहरुमा संशोधनलाई प्रस्ताव गरेको छ ।

- मौसम विभागले आज अरुणाचल प्रदेश, असम, मेघालय, तटीय कर्नाटक, पूर्वी राजस्थान, कोंकण, गोवा अनि मध्य प्रदेशका विभिन्न स्थानहरुमा मुसलधारे वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**<u>संशो पीएम- त्रिनाद और टौबागो</u>**

प्रधानमंत्री नरेन्द्र मोदी हिज राती आफ्नो पांच देशहरुको यात्राको दोस्रो चरणको लागि त्रिनिदाद अनि टोबैगोको पोर्ट ऑफ स्पेन पुग्नुभयो। हवाई अड्डामा त्रिनिदाद अनि टोबैगोका प्रधानमंत्री कमला प्रसाद बिसेसरले आफ्नो मंत्रिमंडलका सदस्य अनि धैरै अन्य गणमान्य व्यक्तिहरुको साथमा श्री मोदी को स्वागत गर्नुभयो। आज बिहान त्रिनिदाद अनि टोबैगोमा भारतीय समुदायलाई संबोधन गर्नुहुँदै प्रधानमंत्री नरेन्द्र मोदीले त्रिनिदाद अनि टोबैगोमा भारतीय समुदायको यात्रा साहसले भरिएको बताउनुभएको छ।

**बाइट**

एउटा सोशल मीडिया पोस्टमा, श्री मोदीले भारतबाट धैरै मानिसहरु त्रिनिदाद अनि टोबैगो आएको बताउनुभयो। विगत धैरै वर्षमा उनीहरुले धैरै क्षेत्रमा आफ्नो अलग चिन्हारी बनाएको अनि देशको विकास यात्रालाई समृद्ध बनाइरहेको श्री मोदीले बताउनुभयो। यसको साथै पोर्ट ऑफ स्पेनमा अविस्मरणीय स्वागतकोलागि स्थानीय भारतीय समुदाय प्रति आभार पनि प्रधान मंत्री मोदीले व्यक्त गर्नुभएको छ। प्रधानमंत्रीको रूप मा त्रिनिदाद अनि टोबैगोको यो श्री मोदीको पहिलो यात्रा हो अनि 19 सय 99 पछि प्रधानमंत्री स्तरको यो पहिलो द्विपक्षीय यात्रा हो। आफ्नो दुइ दिवसीय यात्राको अवधि प्रधानमंत्री मोदीले त्रिनिदाद अनि तोबैगोका राष्ट्रपति क्रिस्टीन कार्ला कंगालू अनि प्रधानमंत्री कमला प्रसाद बिसेसरसित वार्ता गर्नुहुनेछ। प्रधानमंत्रीले त्रिनिदाद अनि टोबैगोको संसदको संयुक्त सत्रलाई पनि संबोधित गर्नुहुनेछ।

**<u>पीएम अर्जेंटीना</u>**

प्रधानमंत्री नरेन्द्र मोदी आफ्नो पांच देशको यात्राको आगामी चरणमा आज अर्जेंटीना जानुहुनेछ। श्री मोदी राष्ट्रपति जेवियर माइलीको निमंत्रणामा अर्जेन्टिना जानु भइरहेको छ। अर्जेंटीना भारतको एक प्रमुख आर्थिक साझेदार हो अनि जी-20 मा पनि देशको निकट सहयोगी हो। विगत 57 वर्षमा अर्जेंटीनामा कुनै भारतीय प्रधानमंत्रीको यो पहिलो द्विपक्षीय यात्रा हुनेछ। दुवै नेताले रक्षा, कृषि, खनन, तेल अनि गैस, नवीकरणीय ऊर्जा, व्यापार अनि निवेश, तथा मानिसहरू बीच आपसी संबंध सहित धैरै प्रमुख मुद्दाहरुमा चलिरहेको सहयोगको समीक्षा गर्न अनि साझेदारी बढ़ाउने तरीकाहरुको खोज गर्नका लागि द्विपक्षीय वार्ता गर्नेछन्।

**ब्रिक्स - शिखर सम्मेलन**

ब्राजीलमा भारतको राजदूत दिनेश भाटियाले ब्रिक्स शिखर सम्मेलन अनि प्रधानमंत्री नरेन्द्र मोदीको राजकीय यात्राको अवधि महत्वपूर्ण मुद्दाहरुमाथि चर्चा हुने बताउनुभएको छ। आकाशवाणी समाचारसित विशेष कुराकानीमा उहाँले ब्रिक्स शिखर सम्मेलन 6 अनि 7 जुलाईमा रियो डी जेनेरियोमा हुने अनि यसपछि 8 जुलाईमा महत्वपूर्ण मुद्दाहरु माथी चर्चा हुने बताउनुभएको छ।

बाइट

**अन्नपूर्णा संस्थान**

महिला एवं बाल विकास मंत्री अन्नपूर्णा देवीले आज झारखंडको रांचीमा सावित्रीबाई फुले राष्ट्रीय महिला एवं बाल विकास संस्थानको नयाँ क्षेत्रीय केंद्रको उद्धाटन गर्नुहुनेछ ।यो नया केंद्र, देशको पूर्वी क्षेत्रमा क्षमता निर्माण प्रयासहरुलाई विकेंद्रीकृत गर्न र सेवा वितरणमा सुधार ल्याउने दिशामा एउटा ठूलो कदम हुनेछ । यसले विशेष रूपले झारखंड, बिहार, ओडिशा र पश्चिम बंगालमा केंद्रित मिशन शक्ति, मिशन वात्सल्य, मिशन सक्षम आंगनवाड़ी र पोषण 2.0 जस्ता कयौ पहलहरुको प्रशिक्षण र अनुसंधानको आवश्यकताहरुलाई पूरा गर्नेछ । यसले स्थानीय आवश्यकताहरु अनुसार हस्तक्षेप गर्न र केंद्रीय योजनाहरुलाई जमीनी स्तरको कार्यान्वयनलाई मजबूत गर्नमा महत्वपूर्ण भूमिका निभाउने छ । नया क्षेत्रीय केंद्रले बाल मार्गदर्शन र परामर्शमा उन्नत डिप्लोमा पाठ्यक्रम पनि प्रदान गर्नेछ र फ्रंटलाइन कार्यकर्ताहरुलाई उन्नत प्रशिक्षण प्रदान गर्नेछ ।

**दिल्ली - CAQM सवारी साधन**

दिल्ली सरकारले वायु गुणस्तर व्यवस्थापन आयोग (CAQM) लाई दिल्लीमा धेरै पुरानो वाहनहरूलाई इन्धन नदिने आदेशलाई स्थगित गर्न अनुरोध गरेको छ। दिल्लीका वातावरण मन्त्री मनजिंदर सिंह सिरसाले यस सम्बन्धमा CAQM लाई पत्र लेखेका छन्। नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री सिरसाले भन्नुभयो कि दिल्ली सरकारले राष्ट्रिय राजधानीको वातावरण सफा गर्नेछ र शहरका वाहनहरू जफत गर्न दिने छैन। उहाँले भन्नुभयो दिल्ली सरकारले CAQM लाई जानकारी गराएको छ कि स्थापित गरिएका स्वचालित नम्बर प्लेट पहिचान (ANPR) क्यामेराहरू बलियो प्रणाली होइनन्, र तिनीहरूसँग अझै धेरै चुनौतीहरू छन्। मन्त्रीले अझ भन्नुभयो यो अझै NCR डेटासँग एकीकृत गरिएको छैन।

**टेलीविजन रेटिंग एजेंसी**

सूचना एवं प्रसारण मंत्रालयले टेलीविजन रेटिंग एजेंसिहरुको लागी 2014 मा जारी नीति दिशा-निर्देशहरुमा संशोधनलाई प्रस्ताव गरेको छ । प्रस्तावित मसौदामा मीडिया घरानाहरुको लागी केही प्रतिबंधात्मक प्रावधानहरुलाई हटाइएको छ , ताकि देशमा टेलीविजन दर्शकहरुको माप प्रणालीलाई लोकतांत्रिक र आधुनिक बनाउन सकियोस । वर्तमानमा टीवी रेटिंग प्रदान गर्ने एक मात्र एजेंसी ब्रॉडकास्ट ऑडियंस रिसर्च काउंसिल - बार्क हो ।प्रस्तावित संशोधनहरुको उद्देश्य टीवी रेटिंगको क्षेत्रमा कयौ एजेंसिहरुको माध्यमबाट स्वस्थ प्रतिस्पर्धालाई बढ़ावा दिन ,नयाँ तकनीक ल्याउन र विशेष रूपले कनेक्टेड टीवी प्लेटफ़ॉर्मको लागि अधिक विश्वसनीय र प्रतिनिधि डेटा प्रदान गर्ने अनुमति देन रहेको छ । मंत्रालयले ड्राफ्ट जारी भएको 30 दिन भित्र हितधारकहरु र आम जनताबाट सुझाव आमंत्रित गरेको छ ।

**थाईलैंड- कार्यवाहक प्रधानमंत्री**

थाईलैंडका मंत्रिमंडलले पैतोंगतार्न शिनावात्राको निलंबन पछि उप प्रधानमंत्री र आंतरिक मामिलाहरुका मंत्री फुमथम वेचायाचाईलाई कार्यवाहक प्रधानमंत्री नियुक्त गर्नमा सहमति जताएका छन् । पहिलो कार्यवाहक प्रधानमंत्रीको रूपमा श्री फुमथम वेचयाचाईले प्रधानमंत्रीका सबै अधिकार र जिम्मेवारिहरु निभाउने छन् । उप प्रधानमंत्री र परिवहन मंत्री सूर्या जुंगरुंगरेंगकिट, लाई दोस्रो कार्यवाहक प्रधानमंत्रीको रूपमा नामित गरिएको छ ।यस अघि श्री सूर्याले कार्यवाहक प्रधानमंत्रीको रूपमा कार्य गरिसकेका छन् ।मंत्रिमंडलको अद्लाबद्लीमा संस्कृति मंत्रीको रूपमा नियुक्त पैतोंगतार्नलाई नैतिकता जांच लंबित भए सम्म संवैधानिक

न्यायालयको आदेशमा प्रधानमंत्री पददेखि निलंबित गरिएको छ ।यस अघि हिज थाईलैंडका राजा महा वजीरालोंगकोर्नले यस सप्ताहको शुरुवातमा शाही समर्थन पछि एक नयाँ मंत्रिमंडललाई शपथ दिलाएका छन्।

**आईएमडी मौसम**

मौसम विभागले आज अरुणाचल प्रदेश, असम, मेघालय, तटीय कर्नाटक, पूर्वी राजस्थान, कोंकण, गोवा अनि मध्य प्रदेशका विभिन्न स्थानहरुमा मुसलधारे वर्षा हुने अनुमान व्यक्त गरेको छ। मध्य प्रदेश, नागालैंड, मणिपुर, मिजोरम अनि त्रिपुरा, तथा ओडिशा अनि दक्षिण आंतरिक कर्नाटक मा पनि यस्तै प्रकारको स्थिति बनी रहने संभावना रहेको बताइएको छ। मौसम विभागले बिहार, छत्तीसगढ़, पूर्वी उत्तर प्रदेश, गुजरा, हिमाचल प्रदेश अनि झारखंडका विभिन्न स्थानहरुमा पनि भारी वर्षा हुने संभावना व्यक्त गरेको छ। यसै बीच मौसम विभाग अनुसार आज दिल्ली मा आंशिक रूपले बादल लागि रहने अनि गरजन साथ हल्का वर्षा हुने आशंका पनि व्यक्त गरेको छ।

****** ० ******